

# २ मोशाले इतिहासबाट पाठ सुनाउँछन्

***यस अध्यायका मूल पदहरू:*** व्यवस्था १-३, प्रस्थान ३२:२९-३२, गन्ती १४, एफिसी ३:१०, उत्पत्ति १५:१-१६ र यूहन्ना १४:९।

***यस अध्यायको मूल सार पद:*** **"भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए। अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। सबैले एउटै आत्मिक भोजन खाए। सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी** तिनीहरूले **पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो" (१ कोरिन्थी १०:१-४)।**

"मोशाले बोलेका शब्दहरू यी नै हुन" (व्यवस्था १:१ रूपान्तरित)। यसरी व्यवस्थाको पुस्तक सुरु हुन्छ। मोशा र उनको उपस्थितिले व्यवस्थाको पुस्तक भरिएतापनि उनले बोलेका शब्दहरूदेखि मोआबको भूमिमा उनको मृत्यु नहुञ्जेल (व्यवस्था ३४:५) लेखिएको व्यवस्थाको पुस्तक वा यथार्थमा सम्पूर्ण बाइबल नै प्रभु येशूको बारेमा हो। येशूले नै हामीलाई सृष्टि गर्नुभयो (उत्पत्ति १,२, यूहन्ना १:१-३), उहाँले नै हामीलाई सरंक्षण दिनुहुन्छ र सँभार गर्नुहुन्छ (कलस्सी १:१५-१७, हिब्रू १:३) र मुक्ति दिनुहुन्छ (यशैया ४१:१४, तीतस २:१४)। र हलका पारामा भन्ने हो भने यस मुक्तिको निर्णायक इतिहासको समयमा परमेश्वरले आफ्ना जनहरूलाई पुनः सृष्टि गर्दै, सँभार गर्दै मुक्ति दिनुहुनेछ भन्ने सन्देश व्यवस्थाको पुस्तकले प्रकट गर्दछ।

साधारणतयाले भन्नुपर्दा इस्राएलीहरू आखिरमा कनान देशमा पस्नै लागेको बेलामा मोशाले तिनीहरूलाई इतिहासबाट पाठ सिकाउँछन्। उनले

याद दिलाएको मूख्य एउटा पाठ बाइबलभरि बारम्बार दोहोऱ्याइएको छः *विगत समयमा परमेश्वरले तिमीहरूलाई के गर्नुभयो, सो याद गर्नु।*

यो उपदेश हाम्रो निम्ति पनि अर्थमूलक हुनुपर्छ, हामी पनि प्रतिज्ञा गरिएको उत्तम देशका सिमानाहरूमा छौंः "जब म विगतको इतिहासलाई सरसर्ती याद गर्छु र हाम्रो बर्तमान अडानको यात्रामा दिनदिनै प्रगति गर्दै अगाडि बढिरहेको सम्झन्छु तब मेरो हृदय ताजुबले भरिन्छ र ख्रीष्ट हाम्रो अगुवाप्रति झन झन भरोसा राख्न अग्रसर हुँदछु। भविष्यको निम्ति हामीले डराउनु पर्ने केही कुरो छैन तर विगतको समयमा परमेश्वरले हामीलाई कसरी अगुवाइ गर्नुभयो र विगतको इतिहासमा उहाँले के सिकाउनुभयो सो हामीले कदापी बिर्सनुहुन्न।"-एलेन जी ह्वाइट, लाइफ स्केटेचेस्, पृ. १९६बाट रूपान्तरित।

## १. मोशाको सेवाकार्य

बाइबलभरि नै मोशाको उपस्थितिको अनुभव गरिएको छ। उनको बारेमा प्रस्थान २:२देखिमात्रै उल्लेख गरिएतापनि उनले उत्पत्तिको पुस्तक लेखेका थिए। यस पुस्तकले हामी को हौं, यहाँ कसरी आइपुग्यौं, यहाँ कसरी नराम्रो भइरहेको छ र हाम्रो आशा के छ भनेर सिकाउँछ। यसमा भएका आधारभूत कथा वा शिक्षादीक्षा नै परमेश्वरको आधिकारिक दस्तावेज हो। यस पुस्तकमा सृष्टिको विवरण, मानिसको पतन, मुक्तिको प्रतिज्ञा, जलप्रलय, अब्राहम र सुसमाचार समावेश भएको छ। ती सबै कथाहरूका जराहरू उत्पत्तिको पुस्तकमा गाडिएका छन् र यसको लेखक अगमवक्ता मोशा थिए। यो एकजना मानिस जतिसुकै कमीकमजोरी भएतापनि बाइबलको इतिहासमा प्रसस्तमात्रामा प्रभावारी भूमिका खेलेका थिए। उनमा भएका सबै गुण तथा दक्षताहरूलाई परमेश्वरले प्रयोग गर्न सक्नुभएको थियो। त्यसको मूल कारण थियो उनले परमेश्वरलाई प्रेम गरेका थिए र उहाँको सेवा गर्न इच्छुक थिए।

**प्रस्थान ३२:२९-३२ पढ्नुहोस्। यसमा इस्राएलीहरूले सुनको बाच्छोलाई पूजा गरेर घोर अपराध गरिरहेको बेलामा परमेश्वर र मोशाको बीचमा भएको कुराकानी लेखिएको छ। यसमा मोशाको चरित्रको बारेमा हामीलाई के सिकाउँछ र उनमा जतिसुकै कमीकमजोरी भएतापनि परमेश्वरले उनलाई शक्तिशाली काम गर्न किन सक्नुभयो? हेर्नुहोस्, "तब मोशाले भने, “आज तिमीहरू आफ्ना-आफ्ना छोरा र आफ्ना-आफ्ना भाइलाई नाश गरी**

**परमप्रभुको निम्ति अलग गरिएका छौ। आज उहाँले तिमीहरूलाई आशिष् दिनुभएको छ।" भोलिपल्ट मोशाले मानिसहरूलाई भने, "तिमीहरूले ठूलो पाप गरेका छौ। तर अब म परमप्रभुकहाँ उक्लेर जानेछु। शायद तिमीहरूको यो पापको निम्ति म प्रायश्चित गर्न सक्छु होला।" अनि मोशाले परमप्रभुकहाँ फर्किगएर यसो भने, "हाय!÷ यी मानिसहरूले कस्तो ठूलो पाप गरेका छन्! तिनीहरूले आफ्ना निम्ति सुनका देवताहरू बनाएका छन्। तापनि तपाईंले तिनीहरूको पाप क्षमा गर्नुहुन्छ होला हुन्न भनेता, तपाईंले लेख्नुभएको पुस्तकबाट मेरो नाउँनिशानै मेटिदिनुहोस्।"**

इस्राएलीहरूले गरेका पापसँग मोशाको कुनै सँलघ्नता नभएतापनि ती पापी मानिसहरूको निम्ति उनले बिन्ति गर्न प्रयास गरेका थिए। तिनीहरूको निम्ति उनले आफ्नै अनन्त जीवनलाई जोखिममा पार्न तयार भएका थिए। जब मोशाले प्रस्थान ३२:३२मा लेखिएको अनुसार परमेश्वरसँग मोशाले गरेका बिन्तिमा "तिनीहरूको पाप क्षमा गर्नुहोस्" भन्ने क्रियापदको खास अर्थ तिनीहरूलाई "सहनु" भनेर देखाउँछ। मोशाले पापको गम्भिरतालाई बुझेका थिए र परमेश्वरले नै त्यसको भार बोक्नुहोस् भनेर मोशाले तिनीहरूको निम्ति प्रायश्चितको प्रार्थना गरेका थिए। आखिरमा तिनीहरूको पाप वा सबैको पाप परमेश्वरले नै बोकेर क्षमा पाउन सक्ने भएको थियो।

यहाँ बाइबलको धेरै अगाडि नै अरूको सट्टामा पाप बोक्ने शक्तिशाली भावना व्यक्त गरिएको पाइन्छ। त्यो भार बोक्नुहुने परमेश्वर आफै हुनुभएको थियो। पछि आएर उहाँ येशूको रूपमा आउनुभएर पापको पूरा भार बोक्नुभयो र हाम्रो पापको दण्ड भोग्नुभयो। यो मानव जगतको निम्ति अगाडि नै तयार पारिएको मुक्तिको थियो फेरि त्यसबखत उहाँको शासन र व्यवस्थाका नीतिहरूका सत्यतामा उहाँ रहन्दा रहन्दै पनि।

धेरै शताब्दी पछि पत्रुसले येशूको बारेमा यसरी लेखेका थिए, "हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो। उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ" (१ पत्रुस २:२४)।

फेरि त्यसै समय यस कथामा हामी यो देख्छौं: पापप्रति मोशाको प्रतिक्रिया कस्तो थियो र पापीहरूको निम्ति उनको अजर बिन्ति कस्तो थियो भनेर देखाएको साथै हाम्रो निम्ति येशूले खेल्नुहुने भूमिकाको उनी अग्रदूत भएका थिए ("अघिका पूजाहारीहरू धेरै संख्यामा थिए, किनकि मृत्युले

तिनीहरूलाई कार्यमा लागिरहन दिँदैनथ्यो। तर येशूचाहिँ अनन्त हुनुभएकोले उहाँको पूजाहारी पद अटल रहन्छ। त्यसको फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ" (हिब्रू ७:२३-२५)।

***आफ्ना जनहरूको निम्ति आफू नै मर्न तयार भएको वा अनन्त जीवन गुमाउन तयार भएको?*** **यसमा व्यक्ति गरिएका सब्दहरूको प्रयोगलाई सोच्नुहोस्। अरूहरूलाई हृदयदेखि सच्चा हृदयले प्रेम गर्नुभनेको के हो भनेर मोशाको बिन्तिले हामीलाई के सिकाउँछ?**

## २. पूरा भएको भविष्यवाणी

आधुनिक विज्ञानले मानिसहरूलाई धेरै गलत धारणाहरूलाई उब्जाएर परमेश्वरप्रति मानिसको आस्थालाई खलबल पारेको छ वा प्रदुषित गरिएको छ। जगत आफै अचानक केही नभएको तत्वबाट देखापरेको थियो वा मानव जीवन सानो जीवबाट क्रमवद्धरूपमा बिकास हुँदै देखा परेको थियो भन्ने जस्ता कैयौं नास्तिकवाद सिद्धान्तहरूले कतिपय वैज्ञानिक र सर्बसाधारण मानिसहरूको दिमागमा अड्डा जमाइ रहेको छ। तैपनि परमेश्वरको अचम्मको वा ताजुब लाग्दो सृष्टिकर्ताको शक्तिलाई पनि वैज्ञानिकले हामीहरूलाई अन्तर्ज्ञान दिलाइदिएको छ। प्रकृतिमा भएको मेलमिलापको लय, संतुलन र पतित अवस्था भएतापनि प्राकृतिक संसारका धेरै पक्षहरू क्रमिकरूपमा सुन्दर्मय तरिकाले चलिरहेको र तिनीहरूमा भएका ढाँचाहरू, निरन्तररूपमा अचम्म लाग्दो अध्ययनका विषयहरू भइरहेका छन्।

यदि भौतिक संसार वा तत्वहरू ठीकठीकसँग चलेको परमेश्वरले अपेक्षा गर्नुहुन्छ भने, आत्मिक कुराहरूपनि ठीकठीकसँग चलेको उहाँ चाहनुहुन्छ भन्ने कुरामा हामी निश्चित हुनुपर्दछ। त्यसकारण व्यवस्थाको पुस्तकको सुरुका पदहरूमा परमेश्वरका विश्वासै गर्न नसकिने क्रियाकलापहरू अझ कसरी ठीकठीकसँग चलाउनुहुन्छ भनेर हामीले हेर्नसक्छौं।

**व्यवस्था १:१-६ पढ्नुहोस्। व्यवस्था १:३मा उल्लेख गरिएको "चालिसौं वर्ष" भनेर औंल्याएकोमा के भविष्यवाणीको महत्त्वपूर्णतालाई देखाएको छ? हेर्नुहोस्, "१ सूपको सामुन्नेको अराबामा, पारान र तोफेल, लाबान, हसेरोत र दीसाहाबका बीचमा यर्दन पारि पूर्वपट्टिको उजाड़-स्थानमा समस्त**

**इस्राएलीहरूलाई मोशाले भनेका वचन यी नै हुन्। २ (सेइर पर्वतको बाटो भएर होरेबबाट कादेशबर्नेसम्म जान एघार दिन लाग्छ।)**

**३ चालीसौं वर्षको एघारौं महिनाको पहिलो दिनमा जे-जे आज्ञा परमप्रभुले मोशालाई इस्राएलीहरूका निम्ति दिनुभएको थियो, ती सबै कुरा तिनीहरूलाई मोशाले भने। ४ हेश्बोनमा राज्य गर्ने एमोरीहरूका राजा सीहोनलाई र एद्रईमा अस्तारोतमा राज्य गर्ने बाशानका राजा ओगलाई तिनले जितेपछि यो भएको थियो। ५ यर्दन पारि पूर्वपट्टि मोआब देशमा मोशाले यसो भनेर यस व्यवस्थाको विवरण गर्न लागेः ६ होरेबमा परमप्रभु हाम्रा परमेश्वरले हामीलाई यसो भन्नुभयो, "तिमीहरू यस पर्वतमा बसेका धेरै दिन भइसक्यो।"**

मोशाले कादेश बार्नियाबाट १२ जना जासुसहरू कनान देशको भेद थाहा पाउन पठाएका थिए। तर जब तिनीहरू फर्केर आए र तिनीहरूमध्ये दश जनाले त्यस देशको बस्तुस्थितिलाई बढाइचढाइ वर्णन गरेर मानिसहरूको हृदयलाई निराशले छियाछिया पारेका थिए। जब इस्राएलीहरू विश्वाससाथ अगाडि बढ्न अस्वीकार गरेका थिए, *तब* तिनीहरू प्रतिज्ञा गरिएको देशमा पस्न आशा गरेको अनुसार तुरन्तै नहुने भनेर तिनीहरूलाई सुनाएका थिए। तर तिनीहरू त्यस देशमा पस्न कति वर्षसम्म पर्खनुपरेको थियो त? "तिमीहरूले त्यस देशको भेद लिन चालीस दिन बिताएका थियौ, यसकारण दिनको एक वर्ष गरी चालीस वर्षसम्म तिमीहरूले आफ्नो अधर्मको फल भोग्दै रहनेछौ, र तिमीहरूप्रति म नाराज भएको तिमीहरूले थाहा पाउनेछौ÷" (गन्ती १४:३४)।

त्यसकारण, व्यवस्थाको पुस्तकले परमेश्वरका जनहरूको कथा परमेश्वरले ठ्याक्कै भन्नुभएको अनुसार तिनीहरूको यात्राको चालिसौं वर्षको प्रवेशको दौरानमा लेखिएको थियो। अर्को शब्दमा भन्ने हो भने परमेश्वरको भविष्यवाणीको वचन परमेश्वर आफै जस्तो भरपर्दो छ। व्यवस्थाको पुस्तकको सुरुमा दिएको शब्दहरूले परमेश्वरप्रति भरोसा राख्न सकिन्छ भनेर देखाइएको छ अर्थात् उहाँले जे भन्नुहुन्छ सो गर्नुहुनेछ भन्ने कुरामा हामी विश्वस्त हुन सक्छौं।

हुन त योमात्र एक समय होइन जब परमेश्वरले भन्नुभएको भविष्यवाणी भनेकै समयमा पूरा भएको थियो। दानिएल ९:२४-२७मा येशूको बारेमा गरेको भविष्यवाणी परमेश्वरले भन्नुभएकै अनुसार कसरी ठीक ठीकसँग पुरा भएको थियो भनेर अहिले हेर्न सक्छौं। "समय र समयहरू र आधा समय" (दानिएल ७:२५ रूपान्तरित, प्रकाश १२:६,१४, प्रकाश १३:५)

इतिहासमा पूरा भएको हामी देख्छौं साथै दानिएल ८:१४मा दिएको २३०० दिनहरूको भविष्यवाणी पनि पूरा भएको हामीलाई ज्ञान छ।

ती बाहेक दानिएल २,७,८मा दिएका भविष्यवाणीहरू ठीक ठीकसँग भनेकै बमोजिम अनुसार पुरा भएको हामी देख्छौं र बाँकि पनि पूरा हुनेमा हामी विश्वस्त छौं। यसले परमेश्वरको पूर्वज्ञान भएको, यस जगत उहाँकै नियन्त्रणमा भएको र उहाँका वचनहरूमा विश्वास गर्न सकिने भएको देखाउँदछ।

**परमेश्वरले भन्नुभएकै अनुसार विगतका भविष्यवाणी पूरा भएको हामी देख्दछौं। तब अब भविष्यमा पूरा हुने कुराहरूको भविष्यवाणीहरूमा पनि हामी विश्वस्त हुन सक्छौं भन्ने कुरामा हामी किन भरोसा नराख्ने?**

## ३. हजारौं हजारौं गुणाभन्दा धेरै

उजाडस्थानमा धेरै यात्रा पछि मोशा परमेश्वरको निम्ति बोलिरहेका थिए (उनी अगमवक्ता त हुन् तर अगमवक्ता भन्दा महान्)। उनले इस्राएलीहरूलाई यसरी सम्बोधन गरेः "हेर, यो देश मैले तिमीहरूलाई दिएको छु। त्यहाँ प्रवेश गरेर त्यो देश अधिकार गर, जुन देश परमप्रभुले तिमीहरूका पुर्खा अब्राहाम, इसहाक र याकूबसँग तिनीहरू र तिनीहरूका भावी सन्तानलाई म दिन्छु भनी प्रतिज्ञा गर्नुभएको थियो" (व्यवस्था १:८)।

*तर त्यसपछि के आउँछ त, हेर्नुहोस्।* **व्यवस्था १:९-११ पढ्नुहोस्। कादेश बार्नियामा तिनीहरूले गरेको विद्रोहले गर्दा तिनीहरूलाई परमेश्वरले दण्ड दिनुभएको थियो। त्यस परिवेशमा मोशाले यहाँ दिएका वचनको उल्लेखनीय पक्ष के हो? हेर्नुहोस्ः "९ त्यस बेला मैले तिमीहरूलाई भनें, "म एकलै तिमीहरूको भार उठाउन सक्दिनँ। १० परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई वृद्धि गर्नुभएको छ, र आज तिमीहरू आकाशका ताराझैं असंख्य भएका छौ। ११ परमप्रभु तिमीहरूका पिता-पुर्खाका परमेश्वरले तिमीहरूलाई हजार गुणा अरू वृद्धि गरून् र उहाँले प्रतिज्ञा गर्नुभएअनुसार तिमीहरूलाई आशिष् दिऊन्! १२ तर म कसरी तिमीहरूका समस्याहरू, बोझहरू र झैंझगड़ाहरू एकलै बोक्न सक्छु र?" (व्यवस्था १:९-१२)।**

यहाँ हामी परमेश्वरको अनुग्रहको अर्को अनुकरणीय उदाहरण देख्दछौं। तिनीहरू मरुभूमिमा यात्रा गरिरहेकै बेलामा तिनीहरू आशिषित भएका थिएः "चालीस वर्षसम्म उजाड़-स्थानमा तपाईंले तिनीहरूलाई

सह्माल्नुभयो। तिनीहरूलाई केही कुराको अभाव भएन; तिनीहरूका लुगाहरू फाटेनन् र तिनीहरूका खुट्टाहरू सुनिएनन्" (नहेम्याह ९:२१)।

फेरि मोशाले आफ्ना जनहरूप्रतिको प्रेम देखाएर तिनीहरू हजारौं गुणा हजारौं होस् भनेर परमेश्वरसँग पुकारा गरेका थिए जुन परमेश्वरले गरिसक्नुभएको थियो।

**परमेश्वरको आशिषको सिधै परिणामस्वरूप त्यहाँ के भयो र त्यहाँ जे भएको थियो त्यसलाई सम्हाल्न मोशाले के कदम चालेका थिए? हेर्नुहोस् व्यवस्था १:१२-१७ "१२ तर म कसरी तिमीहरूका समस्याहरू, बोझहरू र झैंझगड़ाहरू एकलै बोक्न सक्छु र? १३ तिमीहरूको हरेक कुलण्बाट बुद्धिमान्, समझदार र अनुभवी मानिसहरू तिमीहरूले छान, अनि म तिनीहरूलाई तिमीहरूका नायक नियुक्त गर्नेछु।" १४ तिमीहरूले मलाई भन्यौ, "तपाईंले दिनुभएको सुझाव असल छ।" १५ यसकारण मैले तिमीहरूका कुलकुलका मुख्य मानिसहरूलाई चुने। तिनीहरू सबै समझदार र अनुभवी मानिसहरू थिए, र तिमीहरूको हरेक कुलको निम्ति तिनीहरूलाई हजार, सय, पचास र दशका नायक नियुक्त गरें। कुल-कुलका निम्ति कुलनायकहरू पनि नियुक्त गरें। १६ त्यस बेला मैले तिमीहरूका न्यायकर्ताहरूलाई यसो भनेर आज्ञा गरेको थिएँ: "तिमीहरूका भाइहरूका बीच भएका झगड़ा सुन र ठीक-ठीक न्याय गर, चाहे त्यो झगड़ा इस्राएली भाइहरूको होस् अथवा तिनीहरूमध्ये एक जना र एउटा विदेशीको बीचमा होस्। १७ न्याय गर्दा तिमीहरूले मानिसहरूको पक्ष नलेओ। तिमीहरूले साना-ठूला दुवैका कुरा सुन। कुनै मान्छेसँग नडराओ, किनकि न्यायको फैसला त परमेश्वरको हातमा हुन्छ। तिमीहरूलाई गाह्रो परेको मामिला मकहाँ ल्याओ, र म त्यो सुन्नेछु" ( व्यवस्था १:१२-१७)।**

परमेश्वरको उपस्थिति प्रभावकारीरूपमा तिनीहरूसँग भएतापनि तिनीहरूलाई व्यवस्थापन गर्नु आवश्यक थियो। तिनीहरू संस्थागत हुनुपरेको थियो र तिनीहरू अनुशासित ढँगले चल्न र लेखाजोखा देखाउन प्रशासनिक प्रणालीको आवश्यकता थियो। इस्राएल व्यवस्थित वा सुसंगठित समूदाय थियो (व्यवस्था ३१:३०)। नयाँ करारको *इक्लेसिया* ***ekklesia*** जुन ग्रीक भाषामा "चर्च" भनिन्छ (मत्ती १६:१८) त्यसको अवधारणाको अग्रदूत थियो जुन "इस्राएली समूदाय" थियो। पावल भिन्नै परिवेशमा काम गरेतापनि वा रहेतापनि आफ्नो यहूदी बंश वा मूल्यमान्यताबाट कहिल्यै पनि अलग भएको थिएन। उनले १ कोरन्थी १२मा लेखेको अनुसार चर्चलाई सुचारु र सुसंगठितरूपमा

चलाउन विभिन्न योग्य व्यक्तिको आवश्यकता भएको स्पष्टरूपमा औँल्याएका थिए। जसरी शरीर चल्न विभिन्न अङ्गहरूको आवश्यकता छ त्यसरी नै चर्च चल्न चर्चमा विभिन्न दक्षता भएकमा मानिसहरूको आवश्यकता छ भनेर उनले जिकिर गरेका थिए। यो अवधारण मरुभूमिमा भएको गहेल (हिब्रू भाषामा, व्यवस्थित) वा संगठित समूदायबाट नै आएको थियो जुन व्यवस्थाको पुस्तकमा छ। अहिले पनि चर्च त्यसबेलाको जस्तै गहेल वा व्यवस्थित हुनु आवश्यक छ। मानिसहरूको आआफ्नो दक्षता वा बरदान अनुसार चर्च वा विश्वासीहरूको समूदायलाई व्यवस्थितरूपमा चलाउनुपर्दछ।

कतिपय मानिसहरू संगठित वा व्यवस्थित धर्मको विरोधमा गएको हामी देख्दछौं (त्यसको अर्थ तिनीहरू के अवस्यवस्थितरूपमा चल्न चाहन्छ त वा जसले जे मनलाग्यो त्यही गर्ने?)। परमेश्वरको वचन विशेष गरेर नयाँ कराररले विश्वासीहरूको समूदाय संगठितरूमा चल्नुपर्छ भनेर नयाँ कराररले सिकाउँदछ।

## ४. कादेश बर्ने

व्यवस्थाको पुस्तकको अघिको भागमा एक जना मानिस खराब नियतले चलेको देखाउँछ। त्यो मानिस कादेश बार्नेमा चियो गरिरहेको थियो। यो कथा दुर्भाग्यको छ। यो कथा व्यवस्थाको पुस्तकको पृष्ठभूमिमा देखा पर्छ। यसलाई नजिकै हेर्नु राम्रो छ।

**गन्ती १४ पढ्नुहोस्। जासुसहरूको प्रतिवेदनपछि मानिसहरूको तुरन्तै प्रतिक्रिया कस्तो थियो र तिनीहरूको प्रतिक्रियाका परिणामहरू के के भयो? हेर्नुहोस्, "१ त्यस रात सारा समुदाय कराई-कराई रोए। २ सबै इस्राएलीहरू मोशा र हारूनका विरुद्धमा गनगनाए, र सारा समुदायले तिनीहरूलाई भने, "हामी मिश्रदेशमा नै मरेका भए असल हुनेथियो, अथवा यस उजाड़-स्थानमा मरेका भए पनि हुन्थ्यो। ३ किन परमेश्वरले हामीलाई तरवारले मर्नलाई यस ठाउँमा ल्याउनुहुँदैछ? हाम्रा जहान र बालबच्चा लूट स्वरूप पक्रिनेछन्। अब मिश्रदेशमा नै फर्कन हामीलाई उचित होइन र?" ४ अनि तिनीहरूले आपसमा भने, "हामी एउटा अगुवा चुनेर मिश्रदेश फर्कौं।" ५ तब मोशा र हारून इस्राएलीका सारा समुदायका सामुन्ने घोप्टो परे। ६ देशको भेद लिन गएकाहरूमध्येका नूनका छोरा यहोशू र यपुन्नेका छोरा कालेबले आ-आफ्ना लुगा च्याते, ७ र इस्राएलीहरूका सारा समुदायलाई तिनीहरूले भने, "हामी भेद**

लिन गएको देश अत्यन्तै असल देश छ। ८ यदि परमप्रभु हामीसित प्रसन्न
हुनुभयो भने, उहाँले हामीलाई त्यस देशमा ल्याउनुहुनेछ, र त्यो दूध र मह बहने
देश हामीलाई दिनुहुनेछ। ९ केवल परमप्रभुको विरुद्धमा खड़ा नहोओ। र त्यस
देशका मानिसहरूसित नडराओ, किनकि उनीहरू त हाम्रा शिकार हुनेछन्।
उनीहरूको सुरक्षा उनीहरूबाट हटिसकेको छ, तर परमप्रभु हामीतर्फ हुनुहुन्छ।
उनीहरूसित नडराओ।" १० तर सारा समुदायले तिनीहरूलाई ढुङ्गाले हान्नुपर्छ
भनी मतो गरे। त्यस बेला परमप्रभुको महिमा भेट हुने पालमा सबै
इस्राएलीहरूकहाँ देखा पर्‍यो। ११ अनि परमप्रभुले मोशालाई भन्नुभयो, "यी
मानिसहरूले मलाई कतिसम्म तिरस्कार गरिरहनेछन्? यिनीहरूका बीचमा मैले
गरेका चिन्हहरू देखेर पनि यिनीहरूले कतिसम्म ममाथि अविश्‍वास गर्नेछन्?
१२ यिनीहरूलाई म रूढ़ीले नाश गर्नेछु, तर तँबाटै यिनीहरूभन्दा ठूलो र
शक्तिशाली जाति बनाउनेछु।" १३ मोशाले परमप्रभुलाई भने, "मिश्रीहरूले यो
सुने भने के भन्लान्? उनीहरूका बीचबाट आफ्नो शक्ति देखाएर तपाईंले नै
यिनीहरूलाई ल्याउनुभएको हो। १४ यस देशका बासिन्दाहरूलाई मिश्रीहरूले यो
कुरा बताउनेछन्। तपाईं परमप्रभु यिनीहरूका बीचमा हुनुहुन्छ भन्ने कुरो
उनीहरूले सुनिसकेका छन्, तपाईं आमनेसामने नै देखा पर्नुभएको छ, र
तपाईंको बादल यिनीहरूमाथि खड़ा हुन्छ र दिनमा बादलको खामो र रातमा
आगोको खामो भएर तपाईं यिनीहरूका अगिअगि जानुहुन्छ। १५ अब तपाईंले
यस जातिलाई एकै पटकमा मार्नुभयो भने त तपाईंको कीर्ति सुन्ने जातिहरूले
यसो भनेर कुरा गर्नेछन्, १६ 'परमप्रभुले ती मानिसहरूलाई दिन्छु भनी शपथ
खाएर प्रतिज्ञा गर्नुभएको देशमा ल्याउन सक्नुभएन, यसैकारण तिनीहरूलाई
उजाड़-स्थानमा मारिदिनुभयो÷। १७ "यसैले परमप्रभु, आफ्नो महामहिमा प्रकट
गर्नुहोस्, जसरी तपाईंले भन्नुभएको छः १८ 'परमप्रभु रीस गर्नमा धैर्यवान् र
अति करुणामय, अधर्म र अपराध क्षमा गर्ने, तर दोषीलाई कुनै रीतिले निर्दोष
नठहराउने, पिता-पुर्खाका अधर्मको सजाय उनीहरूका तेस्रो र चौथो पुस्तासम्म
पनि दिने हुनुहुन्छ÷। १९ बिन्ती छ, तपाईंको महान् करुणाअनुसार, र
मिश्रदेशदेखि अहिलेसम्म क्षमा गरिरहनुभएझैं यी मानिसहरूको अधर्म क्षमा
गर्नुहोस्।"

२० तब परमप्रभुले भन्नुभयो, "तिमीले भनेबमोजिम मैले यिनीहरूलाई
क्षमा गरिदिएको छु। २१ तापनि, जस्तो म जीवित छु र जसरी मेरो महिमाले
पृथ्वी भरिएको छ, २२ मिश्र र उजाड़-स्थानमा मेरा महिमा र आश्‍चर्यकर्महरू

देखेर पनि अनाज्ञाकारी भई दश पल्ट मेरो जाँच गर्ने यी सारा मानिसहरूले २३ तिनीहरूका पुर्खाहरूलाई शपथ खाएर भनेको प्रतिज्ञाको देश देख्नेछैन। मलाई तिरस्कार गर्नेले त्यो कहिल्यै देख्नेछैन। २४ तर मेरो दास कालेबमा अर्कै आत्मा छ, र त्यसले पूरै रीतिले मेरो अनुसरण गरेको छ। यसैकारण त्यो पसेर आएको देशमा म त्यसलाई लैजानेछु र त्यसका सन्तानले त्यो अधिकार गर्नेछन्। २५ अमालेकी र कनानीहरू बेंसीहरूमा बसेका हुनाले भोलि नै तिमीहरू फर्क र लाल समुद्रको बाटो भएर उजाड़-स्थानतिर जाओ।" २६ परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, २७ "मेरो विरुद्धमा यस दुष्ट समुदायले कतिसम्म गनगनाउने? तिनीहरूले मेरो विरुद्धमा गनगनाएका मैले सुनेको छु। २८ तिनीहरूलाई भनिदेओ, 'जस्तो म जीवित छु, परमप्रभु घोषणा गर्नुहुन्छ, मैले सुन्ने गरी तिमीहरूले जे-जे भनेका थियौ, म त्यही नै गर्नेछु। २९ तिमीहरूका लाश यही उजाड़-स्थानमा छोड़िनेछन्, ३० अनि यपुन्नेका छोरा कालेब र नूनका छोरा यहोशूबाहेक गणना भएको र मेरो विरुद्धमा गनगनाउने बीस वर्षदेखि उँभोको कोही पनि वासको निम्ति दिन्छु भनी शपथ खाएर प्रतिज्ञा गरेको देशमा जान पाउनेछैन। ३१ लूट स्वरूप पक्रिनेछन् भनी तिमीहरूले भनेका तिमीहरूका छोराछोरीहरूलाई चाहिँ म त्यहाँ पुऱ्याउनेछु, र तिमीहरूले अवहेलना गरेको ठाउँ तिनीहरूले प्राप्त गर्नेछन्। ३२ तर तिमीहरूका लाशचाहिँ यही उजाड़-स्थानमा छोड़िनेछन्। ३३ तिमीहरूमध्येको अन्तिम मानिसको मृत्यु नभएसम्म तिमीहरूको अविश्वासको कारण आफ्ना छोराछोरीहरू चालीस वर्षसम्म गोठाला भएर उजाड़-स्थानमा डुल्नेछन्। ३४ तिमीहरूले त्यस देशको भेद लिन चालीस दिन बिताएका थियौ, यसकारण दिनको एक वर्ष गरी चालीस वर्षसम्म तिमीहरूले आफ्नो अधर्मको फल भोग्दै रहनेछौ, र तिमीहरूप्रति म नाराज भएको तिमीहरूले थाहा पाउनेछौ÷। ३५ यो बोल्ने म परमप्रभु हुँ, र मेरो विरुद्ध भेला हुने यस दुष्ट समुदायलाई म यसै गर्नेछु। यसै उजाड़स्थानमा तिनीहरू मरेर मेटिजानेछन्।" ३६ मोशाले भेद लिन पठाउँदा आएर खराब समाचार दिने मानिसहरू परमप्रभुको सामुन्ने रूढ़ीले मरे, ३७ किनभने तिनीहरूले अशुभ खबर ल्याएर जम्मै समुदायलाई मोशाको विरुद्धमा बोल्न लाएका थिए। ३८ देशको भेद लिन जाने मानिसहरूमध्ये खालि नूनका छोरा यहोशू र यपुन्नेका छोरा कालेब मात्र जीवित रहे। ३९ जब मोशाले सबै इस्राएलीहरूलाई यी कुरा बताइदिए, तब मानिसहरूले ज्यादै बिलौना गर्न लागे। ४० तिनीहरू बिहान सबेरै उठेर यसो भन्दै पहाड़ी क्षेत्रतिर उक्लन लागे, "हेर, हामीहरू

यहाँबाट अब परमप्रभुले प्रतिज्ञा गर्नुभएको ठाउँमा उक्लिजाऔं, किनकि हामीले त पाप गरेछौं।" ४१ तर मोशाले भने, "तिमीहरूले किन परमप्रभुको आज्ञा उल्लङ्घन गर्छौ? यो सफल हुनेछैन। ४२ नउक्ल, नत्रता शत्रुहरूले तिमीहरूलाई मार्नेछन्, किनभने परमप्रभु तिमीहरूका बीचमा हुनुहुन्न। ४३ त्यहाँ अमालेकीहरू र कनानीहरूले तिमीहरूलाई सामना गर्नेछन्, र उनीहरूद्वारा तिमीहरू परास्त हुनेछौ। तिमीहरू परमप्रभुको पछि लाग्न छोड्यौ। यसकारण परमप्रभु तिमीहरूका साथमा हुनुहुनेछैन, तर तिमीहरू तरवारद्वारा मर्नेछौ।" ४४ तापनि कुरै नसुनी तिनीहरू पहाडी क्षेत्रतिर अगि बढे। तर परमप्रभुका करारको सन्दूक र मोशाचाहिँ छाउनीबाट निस्केनन्। ४५ तब त्यस पहाड़मा बस्ने अमालेकी र कनानीहरू तल ओर्लेर तिनीहरूलाई होर्मासम्मै मार्दै र खेद्दै ल्याए।" यसै सन्दर्भमा व्यवस्था १:१९-४६ पनि पढ्नुहोस्ः "१९ त्यसपछि हामीहरू होरेबबाट हिँड़ेर परमप्रभु हाम्रा परमेश्वरको आज्ञाबमोजिम त्यो तिमीले देखेको विशाल र महाभयङ्कर उजाड़-स्थानबाट भएर एमोरीहरू बस्ने पहाड़ी देशतिर लाग्यौं। त्यसपछि हामी कादेश-बर्नेमा आइपुग्यौं। २० अनि मैले तिमीहरूलाई भनें, "परमप्रभु हाम्रा परमेश्वरले हामीलाई दिनुहुने एमोरीहरूको पहाड़ी देशमा तिमीहरू आइपुगेका छौ। २१ हेर, परमप्रभु तिमीहरूका परमेश्वरले त्यो देश तिमीहरूलाई सुम्पिदिनुभएको छ। परमप्रभु तिमीहरूका पिता-पुर्खाका परमेश्वरले भन्नुभएझैं गएर त्यो अधिकार गर। तिमीहरू नडराओ, निराश नहोओ।" २२ अनि तिमीहरू सबैले मकहाँ आएर भन्यौ, "भेद लिनलाई हाम्रा अगि मानिसहरू पठाऔं। त्यस देशमा हामी कुन बाटो जानुपर्ने हो र कुन-कुन सहरमा आइपुग्नेछौं भन्ने खबर तिनीहरूले हामीकहाँ ल्याउनेछन्।" २३ यो कुरो मलाई बेस लाग्यो। अनि मैले हरेक कुलबाट एक-एक जना गरी बाह्र जना मानिस छानें। २४ तिनीहरू पहाड़तर्फ लागे र एश्कोलको बेंसीमा पुगेर त्यसको पूरा भ्रमण गरे। २५ तिनीहरूले त्यस देशका कतिपय फलफूल ल्याए। अनि "हामीलाई परमप्रभु हाम्रा परमेश्वरले दिनुहुने त्यो देश उत्तम रहेछ" भन्ने खबर तिनीहरूले दिए। २६ तर तिमीहरू त्यहाँ जान मानेनौ। परमप्रभु तिमीहरूका परमेश्वरको आज्ञाको विरुद्धमा तिमीहरू गयौ। २७ आफ्ना पालहरूमा गनगनाएर तिमीहरूले भन्यौ, "परमप्रभुले हामीलाई तिरस्कार गर्नुभएको हुनाले हामीलाई एमोरीहरूका हातमा सुम्पेर सर्वनाश गर्नलाई मिश्रबाट निकालेर ल्याउनुभएको हो। २८ हामी कता जान सक्छौं? हाम्रा भाइहरूले हामीलाई निराश बनाएका छन्। तिनीहरू भन्छन्, 'ती मानिसहरू हामीभन्दा

ठूला र अल्गा छन्। उनीहरूका सहरहरू ठूला छन् र आकाशसम्मै पर्खाल
लाएका छन्। हामीहरूले त्यहाँ अनाकीहरूलाई पनि देख्यौं÷।" २९ तब मैले
तिमीहरूलाई भनें, "भयभीत नहोओ। उनीहरूसँग नडराओ। ३० तिमीहरूका
आँखाका सामु जसरी मिश्रमा लड़िदिनुभएको थियो त्यसरी नै तिमीहरूका अगि
जानुहुने परमप्रभु तिमीहरूका परमेश्वर नै तिमीहरूका निम्ति लड्नुहुनेछ। ३१
उजाड़-स्थानमा तिमीहरू हिँड़का सारा बाटोभरि बाबुले आफ्नो नानीलाई बोकेझैं
परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरू यहाँ आई नपुगुञ्जेलसम्म कसरी
तिमीहरूलाई बोकेर ल्याउनुभएको थियो, सो तिमीहरूले त्यहाँ देखेका थियौ।"
३२ त्यसो भए तापनि तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरमाथि भरोसा राखेनौ,
३३ जो तिमीहरूका निम्ति डेरा हाल्ने ठाउँ खोज्न र तिमीहरू जानुपर्ने बाटो
देखाउन राती आगो र दिउँसो बादलमा यात्राभरि अगिअगि जानुभयो। ३४
तिमीहरूका गनगन सुनेर परमप्रभु क्रोधित हुनुभयो, अनि यसो भनेर प्रण गर्नुभयो,
३५ 'यस दूषित पुस्ताको एक जनाले पनि मैले तिमीहरूका पितापुर्खालाई दिन्छु
भनी प्रतिज्ञा गरेको त्यो असल देश देख्नेछैन। ३६ यपुन्नेको छोरो कालेबले
मात्र त्यो देश देख्न पाउनेछ। त्यसले टेकेको भूमि म त्यसलाई र त्यसका
सन्तानलाई दिनेछु, किनकि त्यसले परमप्रभुलाई पूर्ण रूपले पछ्याएको छ।"
३७ तिमीहरूले गर्दा परमप्रभु मसित पनि रिसाएर भन्नुभयो, "तिमी पनि त्यहाँ
प्रवेश गर्न पाउनेछैनौ। ३८ तर तिम्रो सहायक नूनको छोरो यहोशू त्यहाँ प्रवेश
गर्नेछ। तिमीले त्यसलाई उत्साह दिनू, किनकि त्यसले त्यस देशलाई
इस्राएलीहरूको अधिकारमा गराउनेछ। ३९ तिमीहरूका बालबच्चा, जसका
विषयमा ती कैदमा पर्नेछन्, भनी तिमीहरूले भन्यौ, बरु ती असल र खराब
नजान्ने तिमीहरूका साना अबोध नानीहरूचाहिँ त्यहाँ प्रवेश गर्नेछन्। म त्यो देश
तिनीहरूलाई दिनेछु र त्यो तिनीहरूले अधिकार गर्नेछन्। ४० तर तिमीहरूचाहिँ
फर्केर लाल समुद्रको दिशातर्फ उजाड़-स्थानतिरै जाओ।" ४१ तब तिमीहरूले
मलाई भन्यौ, "हामीले परमप्रभुको विरुद्ध पाप गरेका छौं। परमप्रभु हाम्रा
परमेश्वरले आज्ञा गर्नुभएअनुसार हामी गएर लड्नेछौं।" यस पहाड़ी देशमा
उक्लनु सहज कुरो ठानेर तिमीहरू प्रत्येकले आफ्ना-आफ्ना हतियार भिऱ्यौ।
४२ तर परमप्रभुले मलाई भन्नुभयो, "तिनीहरूलाई भन्, 'उक्लेर नजाओ र
लड़ाइँ नगर। नत्रता तिमीहरू आफ्ना शत्रुहरूका सामुन्ने हार खानेछौ, किनकि
म तिमीहरूका बीचमा हुनेछैनँ÷।" ४३ यो कुरो मैले तिमीहरूलाई भनें, तर
तिमीहरूले सुन्दै सुनेनौ। तिमीहरू परमप्रभुको आज्ञाको विरुद्धमा गयौ, र ढीट

भएर पहाड़ी देशमा उक्ल्यौ। ४४ अनि पहाड़मा बस्ने एमोरीहरूले तिमीहरूका मुकाबिला गरे, र मौरीको हूलले मानिसलाई खेदेझैं तिमीहरूलाई खेदे, र सेइरदेखि होर्मासम्म उनीहरूले तिमीहरूलाई परास्त गरे। ४५ अनि तिमीहरू फर्केर आई परमप्रभुको सामुन्ने रोयौ, तर उहाँले तिमीहरूको रोदन सुन्नुभएन, ध्यान पनि दिनुभएन। ४६ यसकारण तिमीहरूले त्यहाँ कादेशमा धेरै दिन बिताउनुपर्‍यो।"

माथिको विवरणबाट हामीले धेरै महत्त्वपूर्ण पाठहरू सिक्न सक्छौं। तर एउटा महत्त्वपूर्ण पाठ गन्ती १४मा पनि फेरि देखा परेको पाइन्छ।

**गन्ती १४:११-२० फेरि पढ्नुहोस्। इस्राएलीहरूको अविश्वासप्रति रिसाउनुभएको परमेश्वरसँग मोशाले तर्क गरेर तिनीहरू सबैलाई सखाप नपार्न अनुरोध गरेका थिए। उनको तर्कमा के उल्लेखनीय कुरो छ?**

मोशाले परमेश्वरलाई के भनिरहेका थिए सो सोच्नुहोस्। *यदि तपाईंले यो गर्नुभयो (उहाँले अलग गर्नुभएका बाहेक सबै इस्राएलीहरूलाई सखाप पार्ने परमेश्वरको क्रोध) भने मिश्र देश र वरिपरि रहेका मानिसहरूको सामु तपाईं कस्तो देखा पर्नुहुनेछ सोच्नुहोस्।* यथार्थमा यहाँ के भन्न खोजिरहेको छ सो स्पष्ट छ। आखिरमा परमेश्वरले इस्राएलीहरूको निम्ति जे गर्न चाहनुभएको थियो त्यो केवल तिनीहरूको निम्तिमात्र थिएन; तर सारा मानवताको निम्ति थियो। इस्राएल देश सारा संसारको निम्ति ज्योति हुनुपर्ने थियो, पौराणिक देशहरूको सामु सत्य परमेश्वरमा पाइने प्रेम, शक्ति र मुक्ति देखाउन तिनीहरू गवाही हुनुपर्ने थियो। आफूहरूले नै बनाएका बेकारका मूर्तिहरूमाथि आस्था राख्नुहुन्न भनेर देखाउनमा इस्राएलीहरू अग्रज हुनुपर्ने थियो।

तर मोशाले यो भने, यदि तपाईंले यी मानिसहरूलाई सखाप पार्नुभयो भने? अरू राष्ट्रका मानिसहरूले तपाईंलाई के भन्ने थिए होला? "१५ अब तपाईंले यस जातिलाई एकै पटकमा मार्नुभयो भने त तपाईंको कीर्ति सुन्ने जातिहरूले यसो भनेर कुरा गर्नेछन्, १६ 'परमप्रभुले ती मानिसहरूलाई दिन्छु भनी शपथ खाएर प्रतिज्ञा गर्नुभएको देशमा ल्याउन सक्नुभएन, यसैकारण तिनीहरूलाई उजाड़-स्थानमा मारिदिनुभयो÷" (गन्ती १४:१५-१६)।

अर्को शब्दहरूमा भन्ने हो भने, बाइबलभरि भएको एउटा मूख्य विषयबस्तु यहाँ देखा परेको छः उहाँका जनहरूमा परमेश्वरको महिमा गर्नु पर्ने धारणा। अर्थात् उहाँको महिमा र भलो र प्रेम र शक्ति उहाँका जनहरू अर्थात् चर्चद्वारा प्रकट गरिनुपर्ने। तर उहाँका जनहरूले ती सत्यहरू प्रकट गराउन

उहाँलाई सधैं सजिलो पार्नुहुन्न। तर हामीलाई यकिन छ कि आखिरमा उहाँकै कामहरूले यस पृथ्वीमा उहाँको महिमा गरिनेछ।

**विशेष गरेर एफिसी ३:१० पढ्नुहोस्। यहाँ पावलले के भनिरहेकाछन् र यो कसरी हुन्छ? यस जगतमा परमेश्वरका धेरै बुद्धिज्ञानहरू कसरी प्रकट हुन्छ? यसमा हामी व्यक्तिगत वा चर्चै कै हैशियतले कसरी सहभागी हुन सक्छौं? हेर्नुहोस्, "७ उहाँका शक्तिको कार्यअनुसार मलाई दिइएका परमेश्वरको त्यस अनुग्रहको वरदानबमोजिम यस सुसमाचारको म सेवक बनाइएको थिएँ। ८ सबै सन्तहरूमा म अत्यन्त तुच्छ भए तापनि ख्रीष्टको अगम्य सम्पत्तिको सुसमाचार अन्यजातिहरूलाई प्रचार गरूँ भनेर मलाई यो अनुग्रह दिइयो। ९ सबै कुरा सृजनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेका रहस्यको योजना के हो, सो सबै मानिसलाई खुलस्त गराउने अनुग्रह मलाई दिइयो, *१० ताकि यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालाहरूका माझमा प्रकट गरिओस्।* ११ योचाहिँ ख्रीष्ट येशू हाम्रा प्रभुमा उहाँले पूरा गर्नुभएको अनन्त उद्देश्यअनुसार थियो। १२ उहाँमाथि राखिएको हाम्रो विश्वासद्वारा साहस र दृढ़ भरोसामा हामी परमेश्वरमा प्रवेश पाउँछौं। १३ यसैकारण म तिमीहरूलाई निवेदन गर्दछु, कि तिमीहरूका निम्ति मैले भोगिरहेको कष्टमा तिमीहरू हताश नहोओ। यी तिमीहरूका गौरव हुन्।"**

## ५. आम्मोनीहरूको पाप वा दुष्ट चालाहरू

मोशाले इस्राएलीहरूको इतिहासलाई तिनीहरूलाई सुनाउन व्यवस्था २ र ३मा निरन्तरता दिन्छन्। जब तिनीहरू विश्वासमा अडिग भए तब परमेश्वरको आशिषद्वारा तिनीहरूले शत्रुहरूलाई कसरी धपाए र बढे जीउ भएका वा राक्षसहरूमाथि पनि विजय दिनुभयो भनेर उनले सुनाउँछन् (व्यवस्था २:११,२०, व्यवस्था ३:१३)।

यस बृतान्तमा एउटा असजिलो विषय देखाइएको छ। ती मानिसहरूको नाश किनभयो भन्ने विषयमा हामीले कमसेकम छुनै पर्छ। इस्राएलका सन्तानहरूले अरू देशसँग शान्तिको बारेमा प्रायजसो बोलेका थिए (व्यवस्था २०:१०,११) तर तिनीहरू इस्राएलको शान्तिसँग सहमत भएन भने कहिलेकाहीँ इस्राएलीहरू ती देशमा गएर स्त्री र केटाकेटीहरूसमेत गरेर सखाप पार्दथे। यस मामिलामा व्यवस्था २:३१-३६ले यसरी वर्णन गर्दछ "३१ अनि परमप्रभुले मलाई भन्नुभयो, "सीहोन र त्यसको देश अब म तिमीहरूलाई

दिनेछु। त्यसको देश अधिकार र कब्जा गर्न सुरु गर।" ३२ जब सीहोन उनका सबै फौजसमेत यहसा भन्ने ठाउँमा हामीसँग लड्न आए, ३३ तब परमप्रभु हाम्रा परमेश्वरले उनलाई हाम्रा हातमा सुम्पिदिनुभयो, र उनलाई, उनका छोराहरूलाई र उनका सबै मानिसहरूलाई हामीले मार्‍यौं। ३४ त्यस बेला हामीले उनका सबै सहरहरू लियौं, अनि स्त्रीहरू र बालबच्चाहरूलाई समेत मानिसहरू बसेको प्रत्येक सहरलाई पूर्ण रूपले नाश पार्‍यौं। हामीले कसैलाई पनि छोड़ेनौं। ३५ हामीले कब्जा गरेका सहरहरूका धनमाल र गाईबस्तु मात्र हामीले आफ्नो निम्ति जीतका माल स्वरूप लियौं। ३६ अर्नोन खोलाको छेउमा भएको अरोएरदेखि र खोलाको किनारमा भएको सहरदेखि गिलादसम्म हामीले लिन नसक्ने शक्तिशाली सहर कुनै थिएन। परमप्रभु हाम्रा परमेश्वरले सबै हाम्रा हातमा सुम्पिदिनुभयो।"

यी कथाहरू सत्य होइन भनेर कतिपयले आफ्नो चित्त बुझाउँदछन्। तर हामीले यो विश्वास गरिएको हैशियतले "सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ" (२ तिमोथी ३:१६), सेभेन्थ-डे एडभेन्टिस्टहरूको निम्ति बाइबलको सत्यतामाथि प्रश्न गर्ने धारणा मान्य छैन। यसरी ती घट्नाहरूको बारेमा कसरी चित्त बुझाउने भन्ने कुरा सुल्झाउन हामीलाई त्यति सजिलो छैन।

**उत्पत्ति १५:१-१६ पढ्नुहोस्। पद १६मा परमेश्वरले अब्रामलाई के भन्नुभयो र त्यस मुश्किल विषयलाई बुझ्न त्यस पदले हामीलाई के देखाउँछ?** हेर्नुहोस्, "१ त्यसपछि दर्शनमा अब्रामकहाँ परमप्रभुको यो वचन आयो, "अब्राम, तिमी नडराऊ। तिम्रो ढाल म नै हुँ, र तिम्रो इनाम अत्यन्त ठूलो हुनेछ।" २ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, तपाईंले मलाई के दिनुहुन्छ र? किनभने म सन्तानविहीन नै छु, मेरो घरको उत्तराधिकारी दमस्कसको एलीएजर हुनेछ।" ३ फेरि अब्रामले भने, "हेर्नुहोस्, तपाईंले मलाई सन्तान दिनुभएन, र मेरो घरमा जन्मेको दास नै मेरो उत्तराधिकारी हुनेछ।" ४ तब परमप्रभुको यो वचन फेरि तिनीकहाँ आयो, "यो मानिसचाहिँ तिम्रो उत्तराधिकारी हुनेछैन, तर जो तिम्रो आफ्नै छोरा हुन्छ त्यही नै तिम्रो उत्तराधिकारी हुनेछ।" ५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ, गनिहेर।" उहाँले तिनलाई भन्नुभयो, "तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्।" ६ अनि तिनले परमप्रभुमाथि विश्वास गरे, र यो तिनको निम्ति

धार्मिकता गनियो। ७ फेरि उहाँले तिनलाई भन्नुभयो, "यो देश तिम्रो अधिकारमा दिनलाई कल्दीहरूको ऊरबाट तिमीलाई ल्याउने परमप्रभु म नै हुँ।" ८ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, मैले यसको अधिकार गर्न पाउँछु भनेर म कसरी थाहा पाऊँ?"

९ उहाँले तिनलाई भन्नुभयो, "मेरो निम्ति तीन वर्षको एउटा कोरली, तीन वर्षको एउटा बाख्रा, तीन वर्षको एउटा भेड़ा, एउटा ढुकुर र एउटा परेवाको बच्चा ल्याऊ।" १० तिनले ती सबै उहाँकहाँ ल्याए, र माझमा दुई-दुई फ्याक पारेर हरेक फ्याक आमनेसामने राखिदिए। तर पन्क्षीहरूचाहिँ तिनले दुई-दुई फ्याक पारेनन्। ११ अनि चील र गिद्धहरू ती मरेका पशुपन्क्षीहरूमाथि झम्टँदा अब्रामले तिनीहरूलाई धपाए।

१२ सूर्य अस्ताउँदा अब्राम मस्त निद्रामा परे, अनि डरलाग्दो र घोर अन्धकारले तिनलाई छोप्यो। १३ तब परमप्रभुले अब्रामलाई भन्नुभयो, "यो निश्चय जानिराख्, कि तिम्रा सन्तानहरू कुनै एउटा देशमा प्रवासी भएर बस्नेछन्, जुन देश तिनीहरूको होइन, र त्यस देशका मानिसहरूका कमारा-कमारी हुनेछन्, र चार सय वर्षसम्म तिनीहरू थिचोमिचोमा पर्नेछन्। १४ तर तिनीहरू जुन जातिका दास बन्नेछन्, उनीहरूको पनि म इन्साफ गर्नेछु, र पछिबाट तिनीहरू धेरै धन-सम्पत्ति लिएर निस्किआउनेछन्। १५ तिमीचाहिँ आफ्ना पितृहरूकहाँ शान्तिसित जानेछौ। तिम्रो पूरो बुढ़ेसकालमा तिमी गाड़िनेछस्। १६ चौथो पुस्तामा तिम्रा सन्तानहरू तिनीहरू फेरि यहाँ आउनेछन्, किनकि एमोरीहरूको अधर्म अहिलेसम्म पूरा भएको छैन।"

परमेश्वरको भय र उहाँमाथि श्रद्धा नराख्ने देशका मानिसहरू अत्यन्तै अत्याचारी, निष्ठुर,कठोर, निर्दयी र बर्बर थिए (हिजो पनि थिए र आज पनि छन्)। धेरै पहिलेदेखि नै तिनीहरूले परमेश्वरको क्रोध र दण्ड भोग्दा उचित देखिन्थ्यो। तिनीहरूले आफ्नो जीवन सम्हालोस भनेर परमेश्वर धैर्यतासाथ पर्खनुभएको थियो। तिनीहरूले आफ्नो जीवन परिवर्तन नगरेतापनि बालबालिकाहरू समेत गरेर आमहत्या **गर्नुको** औचित्य त देखिन्दैन (अझ भनौं भने जल प्रलयको बेलामा सायद इस्राएलीहरूले मारेका भन्दा धेरै बालबालिकाहरू थिए)।

अहिले हामीले बुझ्न नसकेतापनि वा घट्नाहरूको पूरा विवरण थाहा नपाएको सन्दर्भमा त्यस निष्ठुर वास्तविकतालाई हामीले स्वीकार्नेपर्दछ र परमेश्वरको भलोप्रति हामी भर पर्नै पर्छ र अरू माध्यमहरूबाट उहाँले

देखाउनुभएको प्रेमलाई हामी आत्मसात् गरिरहनु पर्ने नै आवश्यकता भएको हामीले महसुस गर्नैपर्दछ। एकदम रमाइलो दिनमा, घाम लागेको दिनमा र सुन्दर जङ्गल तथा बगैंचाको मनमोहक दृश्यमामात्र परमेश्वर कस्तो प्रेमिलो हुनुहुन्छ भनेर सराहना गर्ने विश्वास तथा आस्था हामीमा हुनु पर्छ भन्ने छैन। कतिपय विषयहरू हामीले नबुझेतापनि उहाँमाथि विश्वास र भरोसा राख्न सक्नु नै असली विश्वास वा आस्था हो।

**१ कोरन्थी १०:१-४ र यूहन्ना १४:९ पढ्नुहोस्। कतिपय समयमा हामीले बुझ्न गाऱ्हो भएतापनि वा परमेश्वरको बारेमा हामीले बुझेको अनुसार नभएतापनि उहाँको प्रेम, इन्साफ, र हामीप्रति उहाँको हितमाथि विश्वास र भरोसा राख्न ती पदहरू र अरू पदहरूबाट कसरी सिक्ने? हेर्नुहोस्, "१ भाइ हो, तिमीहरूले यो कुरा जान भनी म चाहन्छु, कि हाम्रा पुर्खाहरू सब बादलमुनि थिए, र सबै समुद्रको बीचबाट भएर गए। २ अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए। ३ सबैले एउटै आत्मिक भोजन खाए। ४ सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो। ५ तापनि तिनीहरूमध्ये धेरैजसोसँग परमेश्वर प्रसन्न हुनुभएन, र तिनीहरू मरुभूमिमा नष्ट भए। ६ उनीहरूले जस्तै हामीले खराबीको इच्छा नगरौं भनी यी कुरा हाम्रो चेताउनीको लागि हुन्। ७ तिनीहरूमध्ये कतिझैं तिमीहरू मूर्तिपूजक नहोओ। जस्तो लेखिएको छ, "मानिसहरू खान र पिउनलाई बसे, अनि नाच्नलाई उठे।" ८ हामी व्यभिचारमा फस्नुहुँदैन, जसरी तिनीहरूमध्ये कति जना फसे, र एकै दिनमा तेईस हजार मरेका थिए। ९ हामीले प्रभुको परीक्षा गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र सर्पहरूद्वारा नष्ट भएका थिए। १० हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए। ११ यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्, जसमाथि युगको अन्त्य आइसकेको छ। १२ यसकारण जसले खड़ा छु भनी सोचेको छ, त्यो होशियार रहोस्, नत्रता त्यो लड्नेछ। १३ मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ— यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ" (१ कोरिन्थी १०:१-१३) र "९ येशूले तिनलाई भन्नुभयो,**

**"फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ। तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?÷ १० म पितामा छु, र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ? जुन वाणी म तिमीहरूलाई भन्दछु, त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा वास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ। ११ मलाई विश्वास गर, कि म पितामा छु, र पिता ममा हुनुहुन्छ। नत्रभने यी कामहरूकै खातिर विश्वास गर" (यूहन्ना १४:९-११)।**

## उपसंहारः

**थप जानकारीः इस्राएलीहरूले केही देशहरूमाथि गरिएको भौतिक कारवाहीको बारेमा सोधिने गाऱ्हो प्रश्नहरूको बारेमा बाइबलका एक जना विद्वानले आफ्नो मन्तव्य यसरी व्यक्त गरेका छन्ः**

"सर्वसृष्टिकर्ता, सबै मानवहरूको सृष्टिकर्ता र सबैमाथि प्रभुत्व गर्नुहुने परमेश्वरले जसलाई पनि आफूले चाहेको अनुसार जे मनलाग्छ वा कसैलाई के गर्न चाहनुहुन्छ सो उहाँलेगर्न सक्नुहुन्छ र कसैलाई पनि उहाँले स्पष्टिकरण दिनु आवश्यकता पर्दैन किनकि उहाँको सृष्टिमाथि उहाँको अधिकार छ...

"परमेश्वरका मार्गहरू रहस्यमय छन्। उहाँको बारेमा हामी सबै बुझ्न नसकिने भएकोले त्यसको तन्ता नगरि हामीमा भएका कुनै पनि प्रश्नलाई दिमागमा थन्क्याएर आराम लिनुको विकल्प छैन। यशैया ५५:८-९ले केही सान्त्वना प्रदान गर्छ, जसमा लेखिएको छ "८ "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्।"

"कनानीहरूको बारेमा बाइबलमा चित्रण गरिएको अनुसार तिनीहरू अत्यन्तै दुष्ट थिए र तिनीहरूको नाशले तिनीहरूको पापमाथि परमेश्वरको इन्साफ देखाउँदछ। कनानीहरूको उहाँले गर्नुहुने नाश न त पहिलो न त अन्तिम हुनेछ। कनानीहरूप्रति उहाँले गर्नुभएको न्याय र उत्पत्ति ६-९मा उल्लेखित जलप्रलयमा मानिसहरूको नाश (नोहाको परिवार वाहेक) बीचमा भिन्नता भन्नु नै तिनीहरूको दुष्ट चालाको प्रतिस्पर्धा थियो...

"हेरेम **herem** वा इस्राएलीहरूभन्दा बाहिरका मानिसहरूलाई पूरै नाश गर्ने नीति इस्राएलीहरूमा हुनेपर्ने परमेश्वरको कहिल्यै पनि नियत थिएन।

व्यवस्था ७:१ले कस्ता मानिसहरूमाथि भौतिक कारवाही गर्ने भनेर परमेश्वरले स्पष्टरूपमा किटानी गर्नुभएको थियो। उनीहरूले गर्ने भौतिक कारवाही गर्ने नीति आरामियन वा एडोमी वा इजिप्टका मानिसहरू वा जथाभावी जोसुकैमाथि लागु गर्न दिइएको थिएन (व्यवस्था २०:१०-१८)...

जुन कारवाही कनानीहरूमाथि पर्‍यो त्यो कारवाही वा दण्ड अन्तमा आएर सबै पापीहरूमाथि पर्नेछः परमेश्वरको इन्साफ...

"मुक्तिको इतिहासको निम्ति कनानीहरूलाई अन्त्य गर्नु परमेश्वरको निम्ति आवश्यक कदम भएको थियो।...

"परमेश्वरको न्याय कनानीहरूमाथि हुनेभएतापनि राहाबको विश्वासले परमेश्वरमाथि विश्वास गर्ने अवसर ती कनानीहरूलाई ४० वर्ष समय दिइएको थियो (राहबको स्वीकार यहोशू २:८-११मा यसरी दिएको छः "८ ती जासूसहरू सुत्न अघि माथि कौसीमा त्यो स्त्री उक्लेर आई, ९ र त्यसले ती मानिसहरूलाई भनी, "मलाई थाहा छ, यो देश परमप्रभुले तपाईंहरूलाई दिनुभएको छ, र हामीहरूका बीच तपाईंहरूको कारण आतङ्क फैलिएको छ, र यहाँका बासिन्दाहरू तपाईंहरूको भयले काम्न थालेका छन्। १० तपाईंहरू मिश्रदेशबाट निस्केर आउनुहुँदा तपाईंहरूका सामुन्ने परमेश्वरले लाल समुद्रको पानी सुकाइदिनुभएको र यर्दन पारिका एमोरीहरूका दुवै राजा, सीहोन र ओगलाई तपाईंहरूले नाश गर्नुभएको पनि हामीहरूले सुनेका छौं। ११ यो सुन्ने बित्तिकै हामी भयाकुल बन्यौं र तपाईंहरूको कारण हामीहरू कसैमा साहस रहेन, किनकि परमप्रभु तपाईंहरूका परमेश्वर नै माथि स्वर्गमा र तल पृथ्वीमा परमेश्वर हुनुहुन्छ)।"-दानिएल आइ. ब्लक, द एनआइभि आप्लिकेशन कमेन्टरीः ड्युटेरोनोमी (ग्राण्ड रापिड, मिशिगनः जोनर्भन, २०१२), पृ. ९८,९९बाट रूपान्तरित।

**चिन्तनमनन्ः**

अ. **तपाईंको बुझाइ अनुसार सहस्रवर्षको बारेमा सोच्नुहोस्। त्यसबेला हामीसँग हजार वर्ष हुनेछ जब हाम्रो सबै प्रश्नहरू सोध्ने अवसर पाउनेछौं। अहिले जुनसुकै कठिन प्रश्नहरूको सामना गर्नुपरेतापनि सहस्रवर्षको विश्वासले परमेश्वरमाथि हामी कसरी भरोसा राख्न सक्छौं?**

आ. विगतको जीवनमा परमेश्वरले तपाईंलाई कसरी डोऱ्याउनुभयो जसले गर्दा भविष्यमापनि उहाँले डोऱ्याउनुहुनेछ भनेर उहाँमाथि भरोसा राख्न सहयोग मिल्दछ? विगतको समयमा परमेश्वरले के गर्नुभयो सो नबिर्सन किन जरुरी छ?

इ. आफ्नो जनहरूको निम्ति मोशाले आफ्नै अनन्त जीवन गुमाउन राजीभएको बारेमा सोच्नुहोस्। के त्यो ठीक मनस्थिति हो? जुन मूल्य चुकाएर मुक्ति दिने परमेश्वरको योजना थियो त्यसको परिवेशमा एक जनाले मुक्ति गुमाउनु परे के त्यो ठूलो कुरो हो त?

## कथा २
## पूरा भरोसा
## बुनु पर्भी, २९, मङ्गोलिया



माध्यमिक विद्यालयमा पढ्ने क्रममा सबभन्दा महत्त्वपूर्ण वर्ष कुन् हो त? मङ्गोलियाको माध्यमिक विद्यालयमा सबभन्दा महत्त्वपूर्ण वर्ष भनेको अन्तिम वर्ष हो। त्यसबेला विद्यार्थीहरू ग्राजुएटमात्र हुने होइन, तिनीहरू कलेज अर्थात् विश्वविद्यालयमा पढ्न सक्छन् कि सक्दैनन् भनेर तिनीहरू विशेष परिक्षामा समावेश हुन्छन्।

बुनुको निम्ति माध्यमिक विद्यालयको अन्तिम वर्ष विशेष वर्ष थियो, किनकि त्यही वर्षमा उनले बप्तिस्मा लिएकी थिइन्। दुई जना सुसमाचार प्रचारकहरू उनको सानो सहरमा आएका थिए, र बुनुको स्कूलमा तिनीहरूले चुरोट पिउन कसरी छोड्ने भन्ने सिकाएका थिए। बुनुले चुरोट नपिएपनि उनले त्यस कक्षामा भाग लिइन् किनभने त्यसबेला उनको फुर्सद थियो। तिनीहरूले ती सुसमाचार प्रचारकहरूलाई मन पराए र जब तिनीहरूले तिनीहरूको घरमा बाइबल अध्ययन गर्न उनलाई बोलाए तब उनी खुशीसाथ मन्जुर दिइन्। उनी येशूको मोहमा फसिन् र बप्तिस्मा पनि लिइन्। बप्तिस्मा पछि विश्वविद्यालयको परिक्षाको निम्ति गम्भिर भएर उनी पढ्न थालिन्। यदि उनले जाँचमा धेरै नम्बर ल्याए उनले पढ्न चाहेको कलेज वा विश्वविद्यालयमा भर्ना हुन सक्थिन्।

जाँचको निम्ति तयार हुन उनका धेरै साथीहरूले ट्युशन पढेका थिए। जो विद्यार्थीहरू इतिहास अध्ययन गर्न चाहन्छन्, तिनीहरू इतिहासको निम्ति ट्युशन पढे भने कोही नर्स हुन चाहन्थे त्यसकारण चिकित्सा शास्त्रको परिक्षाको निम्ति तिनीहरू अध्ययन गरे। बुनुले गणित मनपराउँथिन्, तर त्यो विषय पढाउने ट्युशन शिक्षकलाई पैसा दिन उनीसँग पैसा थिएन। त्यसकारण, उनले परमेश्वरसँग सहायताको निम्ति प्रार्थना गरिन्, "हे प्रिय परमेश्वर, म दिनदिनै पाँचवटा गणितको प्रश्नलाई लिएर आफैले आफैलाई सिकाउँछु। अनि म परिक्षाको निम्ति तयार हुनेछु। त्यसकारण, मलाई सहायता गर्नुहोस्।"

आखिरमा, परिक्षाको समय आयो। उनी रहेको प्रदेशका हाइस्कूलमा पास हुनेहरू सबै विद्यार्थीहरू सहरको मूख्य ठूलो स्कूलमा जम्मा भए।

त्यसबेला ६०० विद्यार्थीहरू थिए, र तिनीहरूमा बुनु पनि गणित परिक्षाको निम्ति सम्मिलित भएका थिए। सबभन्दा धेरै अङ्क ल्याउँनेले आफूले मन पराएको विश्वविद्यालयमा पढ्ने पहिलो अवसर दिइएको थियो। बुनुले प्रार्थना गरिन्, "प्रभु मसँग हुनुहोस्, र मलाई सहायता गर्नुहोस्।" परिक्षा सुरु भयो। परिक्षकले सबै विद्यार्थीहरूलाई कक्षामा नै राखेर ढोकामा ताल्चा लगाइदिए र परिक्षा नसकुञ्जेल र तिनीहरूको कापी नजाचुञ्जेल कोठाबाट निस्कन पाइन्दैन भनेर उनले सुनाए। सबै विद्यार्थीहरूले परिक्षा सिध्याए। तिनीहरू पर्खेर बसे। तिनीहरूका कतिपय बाबुआमाहरूले झ्यालबाट तिनीहरूलाई खाना दिएका थिए। आखिरमा, शिक्षक देखा परे र परिक्षाको नतिजा भोलिपल्ट आउनेछ भनेर घोषणा गरे। सबै विद्यार्थीहरू आआफ्नो घरमा फर्किन उनले अनुमति दिए।

भोलिपल्ट बिहान उठ्दा त पानी परिरहेको बुनुले देखिन्। एक छिनपछि उनले बाहिर हेरिन् र सबै थोक सफा भएको र घाम मजाले चम्किरहेको उनले देखिन्। उनको हृदयमा मङ्गोलियन भाषामा सबै एडभेन्टिस्टहरूले मन पर्ने गीन गुञ्जियो, "तपाईंको प्रेम स्वर्गभन्दा उच्च छ। तपाईको प्रेम समुद्रभन्दा फराकिलो छ।" परिक्षाको नतिजा के होला सो उनलाई चिन्ता भएन। उनले परमेश्वरको स्तुति र प्रशंसा गरिन्।

स्कूलमा सबै विद्यार्थीहरू सूचना पाटीमा झुम्मिएका थिए। तिनीहरूले परिक्षाको अङ्क कति आयो होला भनेर हेर्न ठेलमठेला गरेका थिए। बुनु त्यस पाटीको नजिक आउन सकिनन् र उनको नाउँ छ कि भनेर हेर्न एक जना विद्यार्थीको मद्दत मागिन्। "के तपाईंले मेरो नाउँ देख्नुभएको छ। के उच्च मार्क हासिल गरेको दशजनाको नाउँहरूमा मेरो नाउँ पनि छ?" भनेर उनले सोधिन्। जब त्यस विद्यार्थीले दशजनाको नाउँमा उनको नाउँ छैन भनेर जवाफ दियो तब उनी निराश भएर थचक्कै बसिन्। तर पछि, त्यस सूचनापाटीको अगाडि सबै विद्यार्थीहरूको हुल कमभएपछि उनी आफै त्यस पाटीको नजिक आएर हेरिन्। उनको नाउँ त पाँचौ स्थानमा पो रहेछ। उनले विश्वासै गर्न सकिनन्। पछि शिक्षकले तिनीहरूको परिक्षापत्र तिनीहरूले पाएको अङ्कहरूसाथ विद्यार्थीहरूलाई फिर्ता दिए। गणितको ४०वटा प्रश्नहरूमा केवल एउटामा मात्र गल्ती भएको उनले देखिन्। तर त्यस कागजलाई नजिकै नियाल्दा सिक्षकले पो गल्ती गरेको उनले महसुस गरिन्। उनको हिसाबको जवाफ ठिक थियो, र शिक्षकलाई उनको गल्ती बुनुले देखाइदिइन्, तर उनको

अङ्कलाई सच्याउन उनले अस्वीकार गरे, किनभने बुनुको नतिजाको अङ्कलाई परिवर्तन गऱ्यो भने सबैको परिक्षाको कागज फेरि हेर्नुपर्ने हुन्छ भनेर शिक्षकले भने। बुनु रिसाइन् किनभने उनी सतप्रतिशत ठिक अङ्क ल्याउन चाहेकी थिइन्। तर त्यसबेला उनले परमेश्वरसँग प्रार्थना गरेको उनले सम्झिन् र उहाँले सहयोग गर्नुभएको पनि उनले महसुस गरिन्। परिक्षाको नतिजाको अङ्क उहाँको हातमा थियो। अनि विद्यार्थीहरूले आफूले मन पराएको विश्वविद्यालयमा जान रोजे। जुन विद्यार्थीको नाउँ सबभन्दा माथि थियो उसले आफूले मन पराएको विश्वविद्यालय चुन्यो। त्यसपछि अर्कोले पनि त्यसै गऱ्यो। अनि बुनुको पालो आयो। कसैले पनि मङ्गोलियाको राष्ट्रिय विश्वविद्यालय रोजेको थिएन। उनले त्यही रोजिन्।

"यो त परमेश्वरकै इच्छा थियो," बुनुले भनिन्। "विश्वविद्यालयमा भर्ना हुन मैले सतप्रतिशत ल्याउन आवश्यक छैन भनेर परमेश्वरलाई थाहा थियो। मैले केवल उहाँमाथि पूरा भरोसा राख्न आवश्यकता थियो।"

आज यस कथा लेखुञ्जेल, बुनु २९ वर्षकी छिन्। उनमा गणितको सिप भएकोले, आजा उनी मङ्गोलियाको एडेभन्टिस्ट डेभलोपमेन्ट रिलिफ एजेन्सीको मूख्य लेखापाल छिन्। उनले र उनको श्रीमानले मङ्गोलियमा पाथपाइन्डर चर्च स्थापना गरिन्। त्यस देशमा केवल त्यहीमात्र एडभेन्टिस्ट चर्च छ। तिनीहरूको घरमा विश्वासीहरू भेला हुन्छन्। मङ्गोलियाको परम्परा शैलीमा बनाएको छालाको गोलो पाल, तिनीहरूको घर हो।

**-आन्ड्रयु मेकचेस्नी**